श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२८ सालको ऐन नं. ७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।

### राष्ट्रिय शिक्षा समिति गठन गर्न बनेको ऐन

प्रस्तावनाः– राष्ट्रिय शिक्षा पद्धतिको योजनालाई कार्यान्वयन गर्न राष्ट्रिय शिक्षा समितिको गठन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "राष्ट्रिय शिक्षा समिति ऐन २०२८" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "समिति" भन्नाले यो ऐन बमोजिमको राष्ट्रिय शिक्षा समिति सम्झनुपर्छ ।

(ख) "योजना" भन्नाले राष्ट्रिय शिक्षा पद्धतिको योजना सम्झनुपर्छ ।

३. राष्ट्रिय शिक्षा समितिको गठनः— (१) श्री ५ महाराजाधिराजबाट स्वयं मौसूफकै वा मौसूफले तोकिबक्सेको व्यक्तिको निगरानीमा वा अध्यक्षतामा तोकिबक्सेका सदस्यहरूको एक राष्ट्रिय शिक्षा समिति गठन गरिबक्सनेछ ।

(२) समितिको अध्यक्ष वा सदस्यको कार्यकाल श्री ५ महाराजाधिराजका इच्छा अनुसार हुनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः— समितिको देहायबमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः—

(क) योजनाको सम्पूर्ण कार्यक्रमको प्रगतिको मूल्याङ्कन गर्ने,

(ख) श्री ५ महाराजाधिराजका हजूरमा योजनाको प्रगति बारे समय समयमा जाहेर गर्ने,

(ग) योजनामा कुनै कुरा स्पष्ट गर्न आवश्यक परेमा स्पष्ट गर्ने,

(घ) योजनाको कार्यान्वियन गर्दा आवश्यक थपघट तथा सुधार गरी मिलाउने, र

(ङ) श्री ५ महाराजाधिराजबाट योजना कार्यान्वियनको लागि बक्सेको अन्य काम गर्ने ।

५. समितिको कार्यालयः— समितिको आफ्नो एउटा कार्यालय रहनेछ ।

६. नियम बनाउने अधिकारः— यो ऐनको उद्देश्य पूर्ति गर्न समितिले नियम बनाउन सक्नेछ र सो नियम श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेपछि लागू हुनेछ ।

७. राष्ट्रिय शिक्षा समिति यस ऐनबमोजिम गठन भएको मानिनेः— यो ऐन प्रारम्भ हुनुभन्दा अघि गठित राष्ट्रिय शिक्षा समिति यसै ऐनबमोजिम गठन भएको मानिनेछ ।

आज्ञाले—

लालमोहर सदर मिति
२०२८।५।२४।५

चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव